# आर्थिक वर्ष २०६३/६४ का लागि मार्टिन चौतारीको प्रतिवेदन

मार्टिन चौतारीले आर्थिक वर्ष २०६३/६४ (२०६३ साउनदेखि २०६४ असार मसान्तसम्म) मा गरेका कार्यहरुको विस्तृत विवरण तल उल्लेख गरिएको छ । यस कार्य समितिले गरेका केही उल्लेखनीय कामहरू २०६४ **असार** मसान्तयता गरिएका भए पनि यहाँ समावेश गरिएको छ ।

## १. चौतारी छलफल शृङ्खला

मार्टिन चौतारीको छलफल शृङ्खलाअन्तर्गत प्रत्येक आइतवार राजनीति वा अनुसन्धानका विषयमा, प्रत्येक मङ्गलबार विभिन्न समसामयिक विषयमा र प्रत्येक विहीबार मिडियासम्बन्धी विषयमा छलफल हुन्छ ।

यस वर्ष चौतारी छलफल शृङ्खलाअन्तर्गत मार्टिन चौतारीले जम्मा १३० ओटा छलफल सञ्चालन गर्‍यो । त्यस बाहेक मार्टिन चौतारी र युवा अभियानको संयुक्त आयोजनामा हरेक शुक्रबार युवासम्बन्धी विषयमा गरिने नियमित छलफल यस वर्ष पनि कायमै रह्यो । त्यसै गरी बहुविधागत प्राज्ञिक दृष्टिकोण समूहले शास्त्रार्थ नामको छलफल शृङ्ला मार्टिन चौतारीको छलफल कक्षमा हरेक शनिबार सञ्चालन गरिरहेको छ । यहाँ चौतारी शृङ्खला अन्तर्गत भएका छलफललाई मात्रै समावेश गरिएको छ ।

***राजनीतिक/अनुसन्धान छलफल शृङ्खला:*** आइतवार राजनीतिक वा अनुसन्धानका विषयमा केन्द्रित छलफल भयो । यस आर्थिक वर्षमा यस शृङ्खलाअन्तर्गत ४२ ओटा छलफल भए । बन्द र अन्य विदाको कारण ७ ओटा आइतबार छलफल हुन सकेन (छलफलको विषय र वक्ताको विवरण अनुसूचि १ मा छ) ।

***मङ्गलबारे:*** मङ्गलबार नियमित रुपमा सञ्चालन भइरहेको छलफल यस बर्ष ४५ ओटा भए । बन्द र अन्य विदाको कारणले ३ ओटा छलफल रद्ध गरिएको थियो । (छलफलको विषय र वक्ताको विवरण अनुसूचि २ मा छ) ।

***मिडिया छलफल शृङ्खला:*** मिडिया छलफल शृङ्खला यस वर्ष पनि निरन्तर रह्यो । यस शृङ्खलाअन्तर्गत १५ दिनमा एक पटक भइरहेको छलफल यस वर्ष २३ ओटा भए । यसै शृङ्खलाअन्तर्गत १५–१५ दिनमा हुने *फिल्म @ चौतारी* अन्तर्गत २० ओटा फिल्म प्रदर्शन तथा छलफल गरियो । छलफल र फिल्म प्रदर्शन गरी जम्मा ४३ ओटा कार्यक्रम भए । बन्द या विदाको कारण ५ पटक कार्यक्रम हुन सकेन (छलफलको विषय र वक्ताको विवरण अनुसूचि ३ मा छ) ।

## २) वातावरणीय न्याय कार्यक्रम

वातावरणीय न्याय कार्यक्रम फोर्ड फाउण्डेशन, दिल्लीको आर्थिक सहयोगमा आर्थिक वर्ष २०५८/५९ बाट शुरु भएको हो र यो वर्ष सो कार्यक्रमको अन्तिम वर्ष हो । कार्यक्रमको मुख्य उद्देश्य प्राकृतिक स्रोत र स्वच्छ वातावरणमा हुने गरेको सरोकारवालाहरुको पहुँचमा देखिने समस्याहरुको अध्ययन/अनुसन्धान गरी 'वातावरणीय न्याय'को अवधारणा फराकिलो बनाउनु हो । गत दुई वर्ष जस्तै यस वर्ष पनि सामुदायिक वन उपभोक्ता महासंघ, कास्की शाखासँग मिलेर विभिन्न कार्यक्रमहरू लागू गरिएका थिए । ग्रामीण स्तरमा सामुदायिक वन उपभोक्ता समूहरुलाई सुदृढीकरण गर्ने, समूहभित्र महिला तथा न्यून आर्थिक हैसियत भएका परिवारलाई संगठित गरी उपसमूह बनाउने, उनीहरुलाई विशेष फाइदा हुने कार्यक्रमहरु (आय आर्जन तथा स्रोत संरक्षण) संचालन गर्ने, उनीहरूको तालिममार्फत सिप अभिवृद्धि गर्ने आदि काम गरेको थियो । यी कार्यक्रमबाट गरिब परिवार, दलित समूह तथा महिलाको स्रोत माथिको पहुँच बढाउने तथा स्रोतको फाइदाको न्यायपूर्ण वितरण गर्न सहयोग पुऱ्याएको देखिन्छ । यी कार्यक्रमबाट प्राप्त अनुभवहरू अन्य निकाय, विशेषगरी सम्वन्धित सरकारी कार्यालय (वन विभाग) हरूमा पुऱ्याउन यी निकायहरूसँग समन्वय राखिएको थियो । कार्यक्रमको योजना गर्ने, अनुगमन गर्ने र कार्यक्रमका सिकाइबारे अनुसन्धान गर्ने मार्टिन चौतारीको भूमिका थियो । यो अनुसन्धानबाट प्राप्त जानकारीहरुलाई संलग्न गरेर चौतारीबाट छिट्टै प्रकाशन हुने पुस्तक 'जैविक विविधता : नेपाली सन्दर्भ' मा एक अध्यायको रुपमा लेखिने योजना छ । यो पुस्तक यसै कार्यक्रम अन्तर्गत प्रकाशन गरिने छ जसमा जैविक विविधता सम्वन्धी विभिन्न पक्षहरूलाई समेट्ने गरेर विभिन्न अध्यायहरु समावेश गरिने छन् । यसमा संलग्न अध्यायहरु सबै नयाँ लेखनहरु हुन् । अहिलेसम्म आधा जति अध्यायहरु प्राप्त भएका छन् । यो वर्षको सुरुमै शरद घिमिरे अध्ययनको लागि बाहिर जानुभएकोले यो पुस्तक सम्पादन र केही अध्याय लेखनको लागि हरि ढुंगानालाई सहभागी गराइएको छ । यो कार्यक्रम यही जेठबाट समाप्त भए पनि पुस्तकको कामलाई निरन्तरता दिइने छ र यसको लागि केही स्रोत 'कोर फण्ड' मा सारिएको छ ।

## ३) मिडिया अनुसन्धान कार्यक्रम

यस कार्यक्रम अन्तर्गत भएका कामहरू यसप्रकार छन् :

- मिडिया स्रोत सामग्री केन्द्रको स्थापना यस कार्यक्रमको महत्वपूर्ण खण्ड हो । यस केन्द्र २०६३ साउन ४ मा एक कार्यक्रम गरी उद्घाटन गरियो र सर्वसाधारणका लागि हप्तामा सुरुमा तीनदिन र पछि क्रमशः बढाउँदै छ दिन खुल्ने बनाइयो । यस वर्ष स्रोत सामग्री केन्द्रमा मिडिया पुस्तक, कार्यपत्र र प्रकाशित अनुसन्धानमूलक तथा विश्लेषणात्मक लेख सङ्कलन, शोध ग्रन्थ र अप्रकाशित प्रतिवेदन सङ्कलन, पुस्तक सङ्कलन गर्ने काम भयो र संकलित सामग्रीको व्यवस्थापन पनि गरियो । यसबारे थप चर्चा मार्टिन चौतारी पुस्तकालय उपशीर्षकमा पछाडि गरिएको छ ।
- यस वर्षदेखि वार्षिक रुपमा मिडिया जर्नल *मिडिया अध्ययन* निकाल्न सुरु गरिएको थियो । यसका दुई अंक (सन् २००६ र २००७ को एकएक ओटा) यसै वर्ष प्रकाशित भए । पहिलो अंक प्रकाशन भएपछि सन् २०६३ मङ्सिर २८ मा विमोचन गरियो । २०६३ पुस महिनाको अन्तमा पोखरामा पनि एक कार्यक्रम गरी जर्नल सार्वजनीकरण गरियो । जम्माजम्मी ३४४ पेजको यो जर्नलमा २२ जना लेखकका विभिन्न सामग्री अटाएका छन् । दोस्रो अंक पनि २०६४ बैशाखमा प्रकाशन गरियो र २०६४ बैशाख २७ मा चौतारीको नियमित मिडिया छलफल शृंखलामा सार्वजनिक गरियो । ३६४ पेजको यो जर्नलमा लेख, टिप्पणी, संस्मरण, समीक्षा, आदि गरी १७ जना लेखकका सामग्रीहरू समेटिएको छ । जर्नलको दुवै अङ्का लागि मुख्य जिम्मेवारी देवराज हुमागाईले लिएका थिए । उनलाई कोमल भट्ट, प्रत्यूष वन्त र शेखर पराजुली र कृष्ण अधिकारीले सघाए ।
- मार्टिन चौतारीको मिडिया छलफल शृङ्खलाअन्तर्गत वर्षमा कम्तीमा दुईओटा छलफल काठमाडौँबाहिरको मिडियाको अवस्थाबारे त्यहीँकै व्यक्तिलाई वक्ता (पण्डित) बनाई छलफल चलाउने योजना राखिएको थियो । यस्तो छलफलको दोस्रो शृङ्खला २०६३ पुस ११ (२००६ डिसेम्बर २८) मा सम्पन्न भयो । त्यसमा बीरगञ्जका क्रियाशिल पत्रकार सुजित महतलाई निम्त्याइयो । उनले बीरगञ्जको पत्रकारितामा राम्रा भन्दा नराम्रा पक्ष नै धेरै भएको बताए । यसका लागि काठमाडौँ पनि जिम्मेवार भएको उनको आरोप थियो । यही कार्यक्रमका लागि तयार पारेको उनको लेखनीलाई *मिडिया जर्नल २* मा प्रकाशन पनि गरिएको छ । काठमाडौँबाहिरबाट वक्ता बोलाई कुनै स्थानविशेषको बारेमा छलफल आयोजना गर्दा सहभागीहरूको उपस्थिति ज्यादै न्यून भएको हाम्रो अनुभव रह्यो । तसर्थ चालू वर्षमा दुई फरक ठाउँबाट दुई वक्ता बोलाई बेग्लाबेग्लै समयमा यस्तो कार्यक्रम गर्नुभन्दा एकैचोटि फरकफरक स्थानका दुई वा सोभन्दा बढी वक्ता बोलाई आधा दिनको कार्यक्रम गर्ने लक्ष्य राखिएको छ । २०६४ भदौ २७ मा बाँकेका हेमन्त कर्माचार्य र विराटनगरकी सरस्वति कार्कीलाई यसका लागि निम्त्याइएको छ । त्यसै दिन चौतारीको नयाँ प्रकाशन– *शाही शासनमा स्वतन्त्र रेडियो: दमन र प्रतिरोधको कथा* को सार्वजनीकरण गर्ने कार्यक्रम पनि छ । यसको संयोजनको मुख्य जिम्मा शेखर पराजुलीको हो ।
- सन् २००७ को मिडिया फेलोसिप प्रदान गर्नका लागि २००६ को नोभेम्बरमा आवेदन माग गरिएको थियो । प्राप्त आवेदनलाई कुन्दन अर्याल, रमा पराजुली र मञ्जु थापाको छनोट समितिले मूल्यांकन गर्‍यो । त्यसपछि ८ जनासँग अन्तर्वार्ता गरी जम्मा ४ जना यस फेलोसिपका लागि योग्य भएको सिफारीस गर्‍यो । त्यसैको आधारमा यस वर्ष ४ जनालाई मात्रै फेलोसिप प्रदान गरियो । यद्यपि ५ जनालाई फेलोसिप दिन सक्ने स्रोत चौतारीसँग थियो । बाँकि १ को रकम चालू वर्षमा कुनै नयाँ अनुसन्धान कार्यमा खर्च गरिने छ । फेलोसिप पाएकामध्ये एकले थेसिस पूरा गरिसकेका छन् । यस कार्यक्रम संयोजनको मुख्य जिम्मा शेखर पराजुलीको हो ।
- मार्टिन चौतारीले दुई वर्ष भित्रमा मिडियासम्बन्धी ६ ओटा सन्दर्भ पुस्तकको प्रकाशन गर्ने लक्ष्य राखेको हो र यस वर्ष प्रत्यूष वन्तको पुस्तक *मासमिडिया इन पोस्ट नाइन्टिननाइन्टी नेपाल* र दीपा गौतमको पुस्तक *काँचको पर्दा: नेपाली टेलिभिजनमा महिला* प्रकाशित भए । वन्तको पुस्तकमा नेपालमा मिडियाको विस्तारका प्रकृति र कारणको नालीबेली प्रस्तुत गरिएको छ । पछिल्ला १५ वर्षमा नेपाली मिडिया क्षेत्रमा देखा परेका परिवर्तनलाई पनि यसले समेटेको छ । दीपा गौतमको पुस्तकले नेपाली टेलिभिजनको क्षेत्रमा देखा परेका लैङ्गिक विभेदको अवस्थालाई उजागर गर्छ । यस पुस्तकको सम्पादनमा देवराज हुमागाईको भूमिका गहन थियो । विनोद ढुंगेलले लेखेको पुस्तक *शाही शासनमा स्वतन्त्र रेडियो: दमन र प्रतिरोधको कथा* को छपाइपूर्वको काम यस वर्ष सकिए पनि चालु वर्षको साउनमा मात्र यो प्रकाशित हुन सक्यो । उनको पुस्तकले २०६१ माघ १९ देखि २०६३ वैशाख १० (राजाको सक्रिय शासनकालको) अवधिमा

नेपाली स्वतन्त्र रेडियोका भोगाइलाई समेटेको छ । पुस्तकको सम्पादनको काम शरत्चन्द्र वस्तीले गर्नुभएको हो । शेखर पराजुलीले पुस्तक प्रकाशनको संयोजन गर्नुका साथै सम्पादनमा पनि सघाउनु भएको थियो । बाँकी ३ पुस्तकमा काम भइरहेको छ र चालू वर्षमा ती पुस्तक प्रकाशित हुने छन् ।

## ४) मानवीय सुरक्षा र राजनीतिको कार्यक्रम

गत वर्षको प्रतिवेदनमा सहरी गरिबी र द्वन्द्वको समयमा जीविकोपार्जनसम्बन्धी दुई बेग्लाबेग्लै पुस्तक प्रकाशन गर्ने विवरण उल्लेख थियो । साथै यी दुवै पुस्तक सन् २००५ को आयोजना अन्तर्गतका तर सन् २००६ को मार्च अप्रिलसम्म प्रकाशन गर्नपर्ने पुस्तक थियो । यी दुवै पुस्तकको प्रकाशन समयावधि ढिलो भएको व्याख्या पूर्व प्रतिवेदनमा भइसकेको छ ।

यसमध्ये सन् २००६ सालको अन्त्यतिर भास्कर गौतम र जगन्नाथ अधिकारीको सम्पादनमा *सहरीकरण: जीविकाको विविध आयाम* प्रकाशित भयो । त्यस्तै दोस्रो पुस्तक तयार भएर पनि कपि एडिटिङको लागि पहिला तोकिएको सम्पादकले काम गर्न नसकेर प्रकाशित गरिएन । यसरी दोस्रो पुस्तक लामो समयसम्म प्रकाशन गर्न नसक्ने सम्भावना देखेपछि यो परियोजनाको विषयवस्तु र आवश्यकता मिल्ने अर्को पुस्तक – *सामाजिक अभियान या विकास सहायता: गैससको भूमिकामाथि प्रश्न* – प्रकाशित गरियो । पछिल्लो पुस्तक एइइची सादामाचुले शुरुमा जापानी भाषामा लेख्नु भएको कृतिको नेपाली अनुवाद हो । यसको सम्पादन/संयोजनको जिम्मा भास्कर गौतमले लिनु भएको थियो ।

साथै माओवादी विद्रोहसम्बन्धी एउटा स्रोत सँगालो निकाल्ने उल्लेख अघिल्लो प्रतिवेदनमा थियो । पूर्ण बस्नेतले जिम्मा लिनुभएको यो पुस्तक प्रकाशन गर्ने मिति पटक पटक सर्दै आएको छ । तथापि ढिलै भए पनि अब आएर २०६४ भदौको अन्त्यसम्ममा यो प्रकाशन हुने भएको छ । पूर्ण बस्नेत र चिरन मानन्धरको सम्पादनमा प्रकाशित हुने यो पुस्तक प्रकाशन गर्ने कार्यको संयोजन र सम्पादनका लागि भास्कर गौतमले सघाउनुभएको थियो ।

त्यस्तै अघिल्लो प्रतिवेदनमा वैदेशिक सहायता र लोकतन्त्रसम्बन्धी बेग्लाबेग्लै स्रोत सँगालो प्रकाशन गर्ने उल्लेख थियो । पहिलो पुस्तकको सम्पादन तात्सुरो फुजिकुरा र सिजु उपाध्यायले गर्ने पनि उल्लेख थियो । तर २०६३ सालको चैत–वैशाखमा लेख छनोट गरिसक्ने र पाण्डुलिपि तयार गर्ने योजना भए पनि त्यही समय तालिका अनुसार काम हुन सकेन । त्यति मात्र हैन दुई सम्पादकहरुको मार्च २००७ मा बसेको बैठकले यो पुस्तक तात्सुरो फुजिकुराले मात्र सम्पादन गर्ने निर्णय गऱ्यो । यिनै अलमल र सुस्त गतिको कारण यस पुस्तकको प्रारम्भिक काम मात्र हुन सकेको अवस्था छ । सन् २००७ को अन्त्यसम्ममा यो पुस्तक प्रकाशनको लागि तयार हुने अपेक्षा गरिएको छ ।

त्यस्तै, काम गर्दै जाँदा पुन: बनाइएको तालिकाअनुसार लोकतन्त्र स्रोत सँगालो २०६४ भदौ/असोजसम्ममा प्रकाशनयोग्य बनाउने तयारी थियो । तर सबै काम त्यही अनुरुप अघि बढेन । तथापि यो पुस्तकको लागि पन्ध्रओटा अन्तर्राष्ट्रिय लेखहरुको छनोट कार्य सम्पन्न भइसकेको छ । र अहिले अनुवादको कार्य भइरहेको छ । सम्भवत: २०६४ मङ्सिरसम्ममा यो पुस्तक प्रकाशन गरिने छ । सेरा तामाङ र भास्कर गौतमको यसमा संलग्नता छ ।

नर्वेजीयन चर्च एडको सहयोगमा प्रारम्भ भएको यो कार्यक्रममा २०६३/०६४ आर्थिक वर्षको पछिल्लो ६ महिना साथै २०६४/०६५ को पहिलो ६ महिनालाई छुने गरी तीनओटा अन्य पुस्तकहरुमा काम भइरहेको छ । यसमध्ये पहिलो पुस्तक, जगन्नाथ अधिकारीद्वारा लिखित मूलत: वैदेशिक कामदारसम्बन्धी लेखहरु तर अन्य विषयलाई पनि समेटेर प्रकाशित गरिने छ । दोस्रो पुस्तक शिक्षासम्बन्धी अंग्रेजीमा पूर्वप्रकाशित लेखहरुको सँगालो हुने छ । यसको सम्पादन प्रमोद भट्टले गर्नु हुनेछ । हाल २०६४ मंसिरसम्ममा प्रकाशन गर्ने लक्ष्य राखिएको छ । अनि तेस्रो पुस्तक माओवादी र शान्ति प्रक्रियाको विषयमा पूर्वप्रकाशित लेखहरुको सँगालो हुने छ । यो पुस्तकको संयोजन भास्कर गौतमले गर्नु हुनेछ । यसको प्रारम्भिक काम भइरहेको छ । २०६४ फागुनसम्ममा यो प्रकाशित हुने छ ।

## ५) सामाजिक समावेशीकरण कार्यक्रम

चौतारीले इएसपी (इनएबलिङ स्टेट प्रोग्राम) को आर्थिक सहयोगमा *नेपालमा सामाजिक समावेशीकरणका मुद्दाहरु* कार्यक्रम २००७ मार्च महिनादेखि सञ्चालन गरेको हो । नेपालका विभिन्न स्थानहरुमा यस विषयमाथि बृहत्तर छलफलको आयोजना र साथै अध्ययन/अनुसन्धानका माध्यमले नेपाली समाजका विभिन्न वर्ग, समुदाय, लिङ्ग र क्षेत्रका *समावेशीकरण*का राजनीतिक, सामाजिक/सांस्कृतिक एवम् आर्थिक मुद्दाहरुको पहिचान गर्ने उद्देश्यले

चौतारीले उक्त कार्यक्रम सञ्चालन गरेको हो । साथै छरिएर रहेका त्यस्ता सवालहरुलाई सङ्कलन गरेर त्यसको अभिलेखीकरण गर्ने उद्देश्य पनि रहेको छ । विगत पाँच महिनामा निम्नलिखित कार्यहरु सम्पन्न गरियो ।

- छलफल शृङ्खला: यस शृङ्खलाअन्तर्गत चौतारीको नियमित छलफलमा सामाजिक समावेशीकरण र राज्य पुनर्संरचनासम्बन्धी विषयमा महिनाको एउटा छलफल आयोजन गर्ने प्रस्तावअनुरूप साउन मसान्तसम्ममा चार ओटा छलफलको आयोजना सम्पन्न गरियो ।
- सामाजिक समावेशीकरणसम्बन्धी विविध विषयमा अनुसन्धान: नेपालका विभिन्न पेशा र सङ्घसंस्थाभित्र जातीय विविधता एवम् सहभागिताबारे अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको छ । यसअन्तर्गत अहिले चारओटा अध्ययन भइरहेको छ । भीमप्रसाद भुर्तेलले *नेपाली राजनीतिक दलहरूमा भएको समावेशीकरण*बारे अध्ययन गर्दैछन् । उनको लेखको पहिलो मस्यौदा प्राप्त भइसकेको छ । त्यसै गरी *नेपाली सेनामा जातीय विविधता*बारे दिपक भट्ट, *न्यायपालिकाभित्र समावेशीकरण*बारे दिव्य झा र *नेपाल प्रहरीमा जातीय विविधता*बारे सीताराम बरालले अध्ययन गर्दैछन् । यससम्बन्धी अरू पनि केही अध्ययन अनुसन्धान गर्ने सोच बनाइएको छ ।
- वृहत्तर अन्तर्क्रिया कार्यक्रम: यस कार्यक्रमअन्तर्गत विभिन्न स्थानहरुमा गरी जम्मा नौ ओटा अन्तर्क्रियाको आयोजना गर्ने प्रस्तावमा उल्लेख गरिएको छ । जसमध्ये काठमाडौंमा तीन ओटा र बाहिर छ ओटा कार्यक्रम आयोजना गर्ने रहेको छ । अहिलेसम्म बाहिर चार ओटा र काठमाडौंमा एउटा कार्यक्रम सम्पन्न भइसकेको छ । यस शृङ्खलाको पहिलो कार्यक्रम २२ अप्रिलमा दाङ, अर्को २५ अप्रिलमा डडेल्धुरा र तेस्रो ३० जुनमा ललितपुरमा सम्पन्न भयो । त्यसै गरी ७ र १४ अगस्टमा क्रमश: बाग्लुङ र दोलखामा सामाजिक समावेशीकरणबारे वृहत अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिए ।

**६) मधेसको विषयमा सार्वजनिक बहस/सम्वाद**

सबैलाई थाहा छ, २०६३ माघमा मधेस विद्रोहले नेपाली समाजलाई चकित मात्र बनाएन धेरै हिसाबले यो विषयमाथि अध्ययन/अनुसन्धान र सार्वजनिक बहसहरु आवश्यक छ भन्ने प्रमाणित गऱ्यो । तर माघको विद्रोह लगत्तै स्थिति निकै भयावह थियो । खासगरी मधेसमै गएर रिपोर्टिङ गर्ने, सबै पक्षलाई समेटेर सार्वजनिक छलफल वा अन्तरक्रिया गर्ने प्रयासहरु उति भइरहेका थिएनन् । त्यसैले चैतकै प्रारम्भिक दिनहरुमा यस्तो कार्यक्रम गर्न पाए उत्तम हुने विश्वासमा मार्टिन चौतारीले दुई महिनाको सानो योजना तयार गऱ्यो । यो योजनाको एक मात्र उद्देश्य आन्दोलन प्रभावित जिल्लाहरुमा स्थानीय स्रोत, साधनको सक्दो उपयोग गरेर पाँचको क्षेत्रीय स्तरको अन्तरक्रिया कार्यक्रम गर्नु थियो । ताकि अन्योललाई चिर्न यो कार्यक्रमले सघाओस् साथै एकअर्कासँग संवाद नै गर्न नचाहने शक्तिहरुलाई एउटै मञ्चमा सहभागी गराउन सकियोस् । यहि उद्देश्यलाई साकार गर्न मार्टिन चौतारीले २०६४ वैशाखमा नेपालगञ्ज, वीरगञ्ज, जनकपुर, लहान र विराटनगरमा पाँचओटा अन्तरक्रिया कार्यक्रम गऱ्यो । यो कार्यक्रम सबै ठाउँमा स्थानीय मधेसी संस्थाहरुको अग्रसरतामा मात्र सम्पन्न भएको थिएन, कार्यक्रममा बोल्ने, टिप्पणी गर्ने, कार्यपत्र लेख्ने अधिकांश वक्ताहरुको पनि स्थानीय जिल्लाहरुबाटै थिए । तथापि खगेन्द्र संग्रौला, सीके लाल, विजयकान्त कर्ण, हरि रोकालगायत व्यक्तित्वहरु यी कार्यक्रमका अतिथि वक्ता हुनुहुन्थ्यो ।

यो कार्यक्रम गर्न इएसपिले सहयोग उपलब्ध गराएको थियो । मार्टिन चौतारीबाट भास्कर गौतमले यसको संयोजन गर्न भएको थियो । यो कार्यक्रमपछि कार्यक्रममा प्रस्तुत गरिएको कार्यपत्रलाई पुनर्लेखन गरी साथै मधेस आन्दोलनसँग सम्बन्धित केही महत्वपूर्ण पाटाहरुमा नयाँ लेखहरु समेत लेखाएर मधेसी आन्दोलनको विषयमा एउटा पुस्तक प्रकाशन गर्ने तयारी भइरहको छ । यो पुस्तक २०६४ साउनमा प्रकाशित हुने छ ।

**७) स्वास्थ्य, समाज र अर्थराजनीतिको कार्यक्रम**

स्वास्थ्य समाज र अर्थ राजनीति चौतारीले पहिलेदेखि नै प्राथमिकता दिएको विषय भए पनि मूर्त रुपमा भर्खरै मात्र सुरु गरेको कार्यक्रम हो । इडनबरा विश्व विद्यालय (बेलायत), मार्टिन चौतारी (नेपाल) र स्वास्थ्य तथा सामाजिक न्याय केन्द्र (भारत) ले संयुक्त रुपमा दक्षिण एसियामा (खासगरी नेपाल र भारतमा) औषधि उद्योगका विभिन्न पक्षहरू जस्तै उत्पादन, वितरण तथा उपभोग र यससँग सम्बन्धित विषयहरूलाई समेट्ने गरिएको छ । इडनबरा विश्वविद्यालयको तर्फबाट इयान हार्पर र मार्टिन चौतारीको तर्फबाट मधुसुदन सुवेदी तथा समिता भट्टराई यस

विषयको अनुसन्धानमा सक्रिय हुनुहुन्छ । यस कार्यक्रमको लागि डिएफआइडी/इएसआरसीले आर्थिक सहयोग दिएको हो ।

औषधि उत्पादक, थोक तथा खुद्रा पसलेहरू, औषधि विक्रेता प्रतिनिधि, पशु स्वास्थ्य कार्यकर्ता, डाक्टर तथा स्वास्थ्य क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न संघ संस्थाहरूसँग अन्तर्वार्ता लिने र त्यसलाई अंग्रेजी भाषामा रुपान्तर गरी अनुसन्धानमा प्रत्यक्ष संलग्न व्यक्तिहरूलाई पढाउने कार्य सुरुदेखि नै भैरहेको छ । मानसिक स्वास्थ्य समस्या परेको बेला दिइने औषधि (Fluoxetine), क्षयरोगको विरामीलाई दिइने औषधि (Rifampicin) र सुत्केरी गराउँदा महिलालाई दिइने औषधि (Oxytocin) को बारेमा गहन अध्ययन भैरहेको छ । यस अतिरिक्त स्वास्थ्यसम्बन्धी पुस्तक तथा पत्रपत्रिकामा प्रकाशित लेखहरू पनि संकलन गरी प्रकाशन गर्नेबारेमा छलफल भैरहेको छ ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषदको अनुसन्धान अनुमतिपत्र लिएर २०६३ असोज महिनाबाट नेपालमा औषधि उद्योगको अध्ययन गर्ने क्रममा स्वास्थ्य मन्त्रालय, स्वास्थ्य अनुसन्धान परिषद्, औषधि व्यवस्था विभाग, चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्ज तथा यस विषयसँग सम्बन्धित व्यक्तिहरुलाई आमन्त्रण गरेर डिसेम्बर १४-१५, २००६ मा २ दिने प्रारम्भिक कार्यशाला गोष्ठी गरेको थियो । यसै सिलसिलामा भारतको दिल्ली र लखनऊमा क्षेत्रीय बैठकमा मधुसुदन सुवेदी र समिता भट्टराईले भाग लिनुभएको थियो । जुलाई २-३ मा इडनबरा विश्वविद्यालयमा भएको यससम्बन्धी सेमिनारमा चौतारीको तर्फबाट मधुसुदन सुवेदीले भाग लिनुभएको थियो ।

### ८) मार्टिन चौतारी पुस्तकालय

यस मार्टिन चौतारी पुस्तकालयमा साउनसम्ममा जम्मा ८२२३ पुस्तकहरु रहेका छन् । पुस्तकबाहेक हामीसँग थेसिस, अप्रकाशित प्रतिवेदनहरु पनि छन् । मिडियासम्बन्धी सामग्रीलाई व्यवस्थित बनाएर राख्नका लागि डानिडाबाट आर्थिक सहयोग प्राप्त भएकोले यहाँ तुलनात्मक रुपमा मिडियासम्बन्धी सामग्री धेरै छन् । हाम्रो संकलनमा मिडियाका पुस्तकहरु १७८० (नेपाली-विदेशी गरी) अप्रकाशित प्रतिवेदनहरु १४४ र शोधपत्रहरु १०३ छन् । यसरी सबै गर्दा हामीसँग मिडियाका सामग्री (पुस्तक, प्रतिवेदन र शोध गरी) करिव २१०० रहेका छन् । यी बाहेक अन्य पुस्तकहरुमा राजनीतिशास्त्र, लैङ्गिकता, वातावरण, इतिहास, धर्म, स्वास्थ्य, अर्थशास्त्र, साहित्य आदि विषयका पुस्तकहरु पनि हाम्रो संकलनमा छन् जसको संख्या झण्डै ६००० जति हुन आउँछ ।

हामीसँग रहेका पुस्तकहरुमा २०६३ साउन १ देखि २०६४ असार मसान्तसम्ममा जम्मा ४३०४ वटा पुस्तकहरु थपिएका छन् । यीमध्ये २०१४ वटा किनेका पुस्तकहरु थिए भने बाँकि २२९० पुस्तकहरु उपहारस्वरुप चौतारीलाई प्राप्त भएका थिए । पुस्तकहरु काठमाडौंका विभिन्न पुस्तक प्रकाशक, वितरक लगायत देश बाहिरका प्रकाशक, वितरकहरुबाट पनि झिकाइएका हुन् । अमेरिका र बेलायतका पुस्तक बजारबाट विभिन्न पुस्तकहरू ल्याउने काममा प्रत्यूष वन्तको भूमिका महत्वपूर्ण रह्यो ।

केही व्यक्ति तथा संघ-संस्था र प्रकाशकहरुले पनि चौतारीलाई उपहारका रुपमा पुस्तक प्रदान गरेका थिए जसमा मुख्यतया युनिसेफ र एशिया फाउण्डेशनबाट ठूलो मात्रामा पुस्तकहरु प्राप्त भएका थिए । पुस्तक दिएर चौतारीलाई सहयोग गर्ने अन्य संस्था र व्यक्तिमा रत्न पुस्तक भण्डार, सेडा, सिनास, ट्रान्सपरेन्सी इन्टरनेशनल, इसिमोड, एकता बुक्स, साझा प्रकाशन, वज्र बुक्स, प्रत्यूष वन्त, विनय कुमार कसजु आदि थिए । सोसल साइन्स बहाः बाट विभिन्न दैनिक र साप्ताहिक पत्रिकाका केही अवधिका बाउन्ड भोल्युम चौतारीलाई प्राप्त भएको थियो ।

यसरी हेर्दा २०६३-६४ को समयावधिमा प्राप्त झण्डै ४३०० पुस्तकहरुको व्यवस्थापन कार्य पूरा भइसकेको छ । लाइब्रेरी व्यवस्थापनका कार्यहरूमा, डुप्लीकेट चेकीङ, बुक चेकिङ, स्ट्याम्पीङ, एक्सेसनीङ (एक्सेसन रजिष्टरमा पुस्तकलाई सूचीवद्ध गर्ने), क्लासिफिकेशन (पुस्तकको विषय र प्रकृति अनुसार विभाजन गरी कल नम्बर बनाएर टाँस्ने, जुन नम्बर अनुसार र्‍याकमा पुस्तक खोजिन्छ), क्याटलगिङ (पुस्तकमा रहेका सम्पूर्ण सूचनाहरु सूचीकृत गर्ने जस्तैः विषय, शीर्षक, लेखक, किवर्डस, कल नं, इडिशन, प्रकाशक, वर्ष, मूल्य आदि जस्ता थुप्रै सुचनाहरु प्रदान गर्ने), कम्प्युटर इण्ट्री, इडिटीङ, बुक पकेट, ड्यु डेट, बुक कार्ड राख्ने, लेख्ने तथा शेल्भीङ आदि पर्दछन् । यसरी व्यवस्थित गरिएका सामग्रीहरुलाई पाठकहरु समक्ष पुऱ्याउनको लागि बेला-बेलामा अध्ययन कक्षमा रहेको कम्प्युटरमा अपडेट गर्ने कार्य गरिन्छ । पाठकहरुको अनुरोधअनुसार पुस्तकहरु झिकेर दिने (एक पटकमा दुई वटा) गरिन्छ । पाठकहरुले उपयोग गरेर फिर्ता गरेका पुस्तकहरुलाई दैनिक रुपमा शेल्भीङ गरिन्छ । यस अवधिमा न्यूजलेटर्स, ब्रोशर्स, हयाण्डबुक्स, पेरियोडिकल्स म्यागेजीन आदि जस्ता अन्य सानातिना सूचना सामग्रीहरुलाई पनि व्यवस्थित बनाइएको छ । पुस्तकालयका यी विभिन्न क्रियाकलापको मुख्य जिम्मा कमला शर्मा र कृष्ण अधिकारीले लिँदै आउनुभएको छ । कामको चाप बढेपछि लाइब्रेरी सहायकको रुपमा सिर्जना बैद्यलाई २०६३ पुस १ देखि नियुक्त गरिएको थियो । केही समय काम गरेपछि बैद्यले उक्त कार्यलाई निरन्तरता नदिने जानकारी दिएपछि पुनः

नयाँ आवेदन मागिएको थियो । आवेदकहरूको अन्तर्वार्ता पछि २०६४ बैशाख २० गतेबाट उपासना पण्डितले सो काम गर्दै आउनुभएको छ । प्रभाकर गौतम र निरु भुजेलले पुस्तकालयका क्रियाकलापमा सघाउनुभएको छ ।

चौतारी पुस्तकालयमा पुस्तकहरूको लागि ठाउँ साँघुरो भएकाले यस बर्षको पछिल्लो समयमा ऱ्याक थप्ने काम भयो । ठाउँको अभावले गर्दा पढ्ने कोठा पनि बाहिर (पहिले पत्रिका पढने कोठा) सार्नु पऱ्यो । पत्रिका राख्ने र पढ्ने ठाउँ बाहिर रिसेप्शन को अगाडि भयो । इन्टरनेट उपयोग र पुस्तकालयको डाटाबेस हेर्नका लागि दुईमात्र कम्प्युटर अपुग देखिएकाले एक कम्प्युटर थपिएको छ । हाल लाइब्रेरीमा औसत दैनिक १० जना पाठकहरू आउने गर्दछन् ।

हामीसँग व्यवस्थित हुन बाँकी करिब ४०० जति पुस्तकहरू रहेका छन् । पुस्तक आउने क्रम पनि जारी छ । साथै जर्नल तथा आर्टिकलहरु र सेमिनार पेपरहरूको डाटाबेस तयार गर्ने कार्य पनि बाँकी नै रहेको छ जुन यस आवमा सम्पन्न गरिनेछ । प्रेस क्लिपिङ्सको काम अधुरो भएको छ र पत्रिकाको व्यवस्थापन गर्न राम्ररी सकिएको छैन ।

### ९) पुस्तक प्रकाशनको काम

मार्टिन चौतारी पुस्तक शृङ्खलाअन्तर्गत यो वर्ष जम्मा सात पुस्तक प्रकाशन भयो । ती पुस्तकहरू यसप्रकार छन्:

१. *बदलिँदो खाद्य शृंखला* (२७, जगन्नाथ अधिकारी र शरद घिमिरे),
२. *मिडिया अध्ययन १* (२८, देवराज हुमागाईं, प्रत्यूष वन्त, शेखर पराजुली, कोमल भट्ट र कृष्ण अधिकारी, सं.),
३. *मास मिडिया इन पोस्ट नाइन्टीन नाइन्टी नेपाल* (२९, प्रत्यूष वन्त),
४. *सहरीकरण: जीविकाको विविध आयाम* (३०, भास्कर गौतम र जगन्नाथ अधिकारी, सं.),
५. *काँचको पर्दा: नेपाली टेलिभिजनमा महिला* (३१, दीपा गौतम),
६. *सामाजिक अभियान या विकास सहायता: गैससको भूमिकामाथि प्रश्न* (३२, एइइची सादामाचु) र
७. *मिडिया अध्ययन २* (३३, देवराज हुमागाईं, प्रत्यूष वन्त, शेखर पराजुली र कोमल भट्ट, सं.) ।

विभिन्न आयोजना अन्तर्गत यी पुस्तकहरू प्रकाशित गरिएका हुनाले यसअघि नै यिनका बारेमा चर्चा भइसकेको छ । तिनलाई समग्र रुपमा यहाँ प्रस्तुत गरिएको मात्र हो ।

यसै आर्थिक वर्षदेखि मिडियाबारे जर्नल *मिडिया अध्ययन* को प्रकाशन सुरु गरिएको हो । यो वार्षिक जर्नल हो र यस आर्थिक वर्षमा यसका सन् २००६ र २००७ का दुई अंक प्रकाशित भए । चौतारी पुस्तक शृखलाअन्तर्गत नै यिनलाई राखिएको छ । माथिको सूचीमा २ र ७ मा भएका पुस्तक यसका दुई अंकहरु हुन् ।

फरक फरक समयमा यी पुस्तकको विमोचनको कार्यक्रम चौतारीमा गरिएको थियो । विभिन्न पत्रपत्रिका र म्यागेजिनमा यी पुस्तकका समीक्षा र परिचय पनि छापिएका थिए । यस वर्षमा प्रकाशन हुन नसकेका तर काम भइरहेका पुस्तक चालु आर्थिक वर्षमा प्रकाशन गर्ने लक्ष्य लिइएको छ । द्वन्द्व प्रभावित क्षेत्रमा विभिन्न व्यक्तिहरूले गरेका यात्रा अनुभवबारेको पुस्तक *बाइ द वे* गत वर्षदेखि नै सम्पादनको चरणमा अल्झिरहेको थियो र यस वर्ष पनि त्यस्तै भयो । तर चालू वर्षको असोज भित्रै भने यो प्रकाशन हुने भएको छ । यसको कपि एडिटिङ मञ्जुश्री थापाले गर्न थाल्नुभएको छ ।

चौतारीले शान्तिको लागि साझा अभियान, नेपाल दक्षिण एसिया केन्द्र, एड्भोकेसी फोरम, सामुदायिक विकास सङ्गठन र जागरण मिडिया सेन्टरसँगको सहकार्यमा प्रकाशन गर्ने समाज विज्ञानसम्बन्धी जर्नल *रुपान्तरण: समाज अध्ययन* यो तेस्रो र चौथो अंक यस आर्थिक वर्षमा प्रकाशन भयो । पाँचौ अङ्क प्रकाशनको चरणमा छ ।

### १०) कार्य समिति

२०६३ असोज १ मा मार्टिन चौतारीको साधारण सभा सम्पन्न भयो र नयाँ कार्यसमितिको गठन गरियो । त्यस कार्यकारी समिति यस प्रकार छ:

| | |
|---|---|
| अध्यक्ष: | प्रत्यूष वन्त |
| सचिव: | सेरा तामाङ |
| कोषाध्यक्ष: | सिजु उपाध्याय |
| सदस्य: | डमिन्द्र दाहाल, पूर्ण बस्नेत, बीना शर्मा, सिर्जना सुब्बा |

## अनुसूचीहरू

अनुसूचीहरू लामा लामा भएकाले यहाँ समावेश गरिएको छैन । आवश्यक परेमा रिसेप्सनमा सम्पर्क राख्नुहोला ।